

# अलैंची खेती

## १. परिचय

अलैंचीको व्यावसायिक रुपमा नेपालको पूर्वी पहाडी जिल्लाहरूमा खेती गर्ने गरिन्छ । अलैंची बालीले हल्का छायाँ मन पराउने तथा समुन्द्र सतहबाट ८०० देखि १८०० मिटर उचाई भएको र २००० देखि २५०० मि.लि. मिटर पानी पर्ने ठाउँहरुमा यसको राम्रोसँग व्यावसायिक खेती गर्न सकिन्छ । यसलाई शितोष्ण आद्र जलवायु चाहिन्छ ।

## २. हावापानी

प्रशस्त प्राङ्गारिक पदार्थ भएको दोमट बलौटे माटो राम्रो हुन्छ । माटोको पि.एच. ४.५ देखि ६.५ भएको माटो राम्रो मानिन्छ । पानी जम्ने माटोमा जरा कुहिने हुँदा पानीको निकास राम्रो बनाउनु पदर्छ ।

## ३. जातहरू

१) **रामशाही :** यो जातको खेती बढी उचाई भएका क्षेत्रहरूमा गर्नुपर्छ । समुन्द्री सतहबाट १५०० देखि १८०० मिटरको उचाईमा यो जात राम्रो हुन्छ । अन्य जातको तुलनामा दानाको आकार केही लाम्चो र सानो हुन्छ । दाना भित्र बिउको संख्या पनि अरु जातको तुलनामा कम हुन्छ । यो जातको दाना पाक्ने समय असोजको अन्तिमदेखि कार्तिकको दोस्रो हाप्तासम्म हुन्छ ।

२) **गोलशाही :** यो जातको अलैंची खेती १२०० देखि १६०० मिटरको उचाईमा राम्रोसँग फस्टाउछ । यसको दाना गोलो आकारको हुन्छ । यो जातको दाना पाकेर असोजको पहिलो हप्तादेखि अन्तिम हप्तासम्म टिप्न सकिन्छ ।

३) **डम्बरशाही :** यो जातको अलैंची ७०० देखि १२०० मिटरको उचाईमा राम्रो हुन्छ । यो जातको दाना गोलो र बाटुलो आकारको हुन्छ । यो जात भदौको अन्तिम हप्तादेखि असोजको पहिलो हप्तासम्म टिप्न राम्रो हुन्छ ।

## ४. प्रसारण विधि

### १) माउ भ्याङ्गबाट गानो छुट्याएर प्रसारण :

राम्ररी भ्यागिएको बोटबाट जरा सहितको गानो छुट्याउनु पर्दछ। अगाडि नै तयार पारिएको खाडलमा यी बिरुवाहरूको गानो सहित रोप्नु पर्दछ। यो तरिकाबाट रोपिएका बिरुवाले २-३ सालमा नै उत्पादन दिन थाल्छ ।

### २) बीउबाट बेर्ना उमारेर प्रसारण :

बीउबाट बिरुवा उमारी प्रसारण गर्ने काम त्यति सजिलो छैन । यो तरिकाबाट उत्पादित बिरुवाहरूले फल दिने समय ५ देखि ६ वर्षसम्म हुने गर्दछ ।

### ३) प्रयोगशालामा तन्तु प्रसारण तरिका :

बिरुवाको कुनै सानो भागबाट पूर्ण बिरुवा प्राप्त गर्ने तरिकालाई तन्तु प्रसारण भनिन्छ। तन्तु प्रसारण प्रविधिद्वारा रोगमुक्त बेर्ना छोटो समयमा धेरै संख्यामा उत्पादन गर्न सकिन्छ ।

## ५. जमिनको तयारी



**(क)**

सधैं चिस्यान रहने ओसिलो र सेपिलो सहित ठूला ढुङ्गा नभएको, छायाँ दिने रुख भएको ठाउँ छान्ने। आवश्यक परे २-३ वर्ष अगाडि नै रुख रोपेर छायाँको व्यवस्था मिलाउने। सबै भन्दा राम्रो रुख चाँहि उत्तीस हो । छायाँ दिने रुख रोप्नु पर्दा ५ देखि १० मीटरको फरकमा रोप्ने ।



**(ख)**

रोप्नु भन्दा १ वर्ष अगाडि नचाहिदो झारपात, बुट्यान र बाक्लो रुखहरू भए हटाउने। हटाएका झारपात माटोमा कुहिने दिने ।



**(ग)**


रोप्नु भन्दा १-२ महिना अगाडि नै ६० से.मी. व्यास भएको र ५० से.मी. गहिरा खाडल खनेर तयार गर्ने ।




**(घ)**

एउटा खाडलबाट अर्को खाडलको दूरी १.५ x१.५ मिटर बनाउने ।




**(ङ)**

खाडल गोबरमल र सतहको माटोले पुरी असार-श्रावणमा एउटा खाडलमा ३ वटा बिरुवा रोप्ने । धेरै गहिरो भएमा गानो कुहिने डर भएकाले बिरुवा रोप्दा ४-५ से.मी. गहिरो गरेर रोप्ने ।

## ६. मलखाद

| समय | मलखादको मात्रा |
|---|---|
| प्रत्येक २ वर्ष | राम्ररी पाकेको कम्पोष्ट २ के.जी., यूरिया ११ ग्राम, डि.ए.पी. ३३ ग्राम, र पोटास ८ ग्राम चैत-बैशाखमा दिने । |
| फल टिपेपछि | १० ग्राम यूरिया र ८ ग्राम पोटास दिनुपर्छ |

**नोट :** रासायनिक मल दिँदा बिरुवाको जरामा नपर्ने गरी औंठी आकारको कुलेसो बनाई दिनुपर्छ ।

## ७. बाली व्यवस्थापन (बगान-गोड्मेल)

अलैंची बगान समय समयमा गोड्मेल हुनु अनिवार्य छ। खास गरी चैत-बैशाख अथवा श्रावण र भाद्र महिनामा सालको २ पटक अलैंची बगान गोड्मेल गर्नु जरुरी छ। रुखबाट भाँचिएर खसेका हाँगाहरू र पातहरूले बिरुवालाई कहिले काँही छोप्ने हुँदा समय समयमा हटाउँदै जानुपर्छ। भाँचिएका बिरुवाहरू सुकेर लत्रेका हाँगा र पातहरू समय समयमा हटाउँदै जानुपर्छ र खाली हुन गएका ठाउँमा बिरुवा थप्नुपर्छ। फल उत्पादन लिई सकेपछि गाँजबाट केही बोटहरू झिकी पतल्याउँनु पर्दछ। एउटा गाँजमा ८-१० वटा बिरुवा रहन दिनु पर्दछ।


अलैंचीको बगानमा चिस्यानको कमी देखिन थालेमा सिंचाईको व्यवस्था मिलाउनु पर्छ। सिंचाई साना साना कुलोमा बाँडेर पनि गर्न सकिन्छ। त्यसै गरी समुचित ढंगबाट स्प्रिङ्कलरबाट बगान सिंचाई गर्न सकिन्छ। तर पानी जम्ने ठाउँ भएका ढल निकासको राम्रो व्यवस्था मिलाउन आवश्यक छ।

## ८. मुख्य रोग र किरा व्यवस्थापन



१) **पातको सडन :** यो रोग ढुसीबाट हुने गर्दछ। यो रोग साना बिरुवामा विशेष गरी नर्सरी ब्याडमा बढी लाग्छ। यो रोग वर्षायाममा फैलिन्छ।

**रोकथाम :** वर्षा सुरु हुना साथ १ प्रतिशत बोर्डो मिक्सर छर्न सुरु गरी १५ दिनको अन्तरमा २-३ पटक छर्नुपर्छ।



२) **गानो कुहिने रोग :** यो रोग ढुसीबाट हुने गर्दछ। यो रोग अलैंची नर्सरी र बगान दुवैमा देखा पर्न सक्छ। रोगको प्रकोप बढी भएमा गानो पुरै कुहिन्छ र बिरुवा ओइलाउँदै पुरै मर्दछ।

**रोकथाम :** बिरुवा वरिपरि पानी जम्न दिनु हुँदैन। रोप्नु अगावै ढुसी नाशक विषादिले गानोमा बिरुवाको उपचार गर्नुपर्दछ।

**३) फुर्के रोग :** यो रोग भाइरसबाट हुने गर्दछ । यो रोग लागेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ । यो रोग लागेपछि डाँठ र पातहरूको आकार-प्रकारमा भिन्नता देखिन थाल्छ । यो रोगको विषाणु फुर्के भाइरस मुख्य रुपले केराको लाही किराले सार्दछ ।

**रोकथाम :** रोगका लक्षण देखिएमा बिरुवा गानो सहित उखेली गाड्ने या जलाउने गर्नुपर्छ । रोग सार्ने लाही किरा नियन्त्रण गर्नुपर्छ ।

**४) छिर्के रोग :** यो रोग पनि भाइरसबाट हुने गर्छ । रोगको लक्षण सबैभन्दा पहिला कलिला पातहरूमा देखा पर्दछ । पातहरूमा पहेंला छिर्काहरू देखा पर्दछ । रोग बढ्दै जाँदा पात सुक्दै जान्छ ।

**रोकथाम :** रोगका लक्षण देखिएमा बिरुवा गानो सहित उखेली जलाउनु पर्छ । लाही किरा नियन्त्रण गर्न विषादी प्रयोग गर्नुपर्छ ।

## ९. किरा



**१) झुसिल किरा वा पात खाने किरा :** अलैंचीमा लाग्ने किराहरू मध्ये यो बढी हानी पुऱ्याउने किरा हो । नियन्त्रणको लागि नुभान नामक विषादी एक मि.ली. प्रति लिटर पानीमा मिसाई फूलमा नपारी पातमा पर्ने गरी छर्नुपर्छ ।



**२) गबारो किरा :** गबारोको प्रकोप देखिन थालेको जग्गामा हिउँदमा अलैंची बारी गोड्दा माटोमा फ्यूराडन नामक विषादी १.५ कि.ग्रा. प्रति रोपनीका दरले बिरुवाको वरिपरि लगाउनु पर्दछ ।



**३) लाही किरा :** अलैंचीमा लाग्ने किराहरू मध्ये लाही किरा निकै खतरनाक किरा मानिन्छ । यो किरा नियन्त्रणको लागि रोगर नामक बिषादि १ मि.लि. प्रति लिटर पानीमा मिसाई २० दिनको फरकमा छर्कनु पर्छ ।

## १०. अलैंची टिपाई र सुकाई





अलैंचीको जात र जग्गाको उचाई अनुसार फल पाक्ने समयमा भिन्नता पाइन्छ । कम उचाईमा खेती गरिने जातहरू श्रावणको अन्तिमदेखि असोज पहिलो हप्तासम्म, मध्य उचाइमा खेती गरिने जातहरू आश्विन महिना र अलैंची हुनसक्ने बढी उचाइमा लगाइने जातहरू कार्तिक महिनाको मध्यसम्म फल पाकी टिपाई गरिन्छ । फल पाकिसक्यो कि भनी छुट्याउन फल भित्रको बीउको रंगले निकै मद्दत गर्दछ । यदि बीउको रंग सेतो देखिएमा फल काँचै छ भन्ने बुझ्नुपर्छ । तर फल छिप्पिदै गएपछि बीउको रंग खैरो हुदै कालो बन्छ । काँचो र पाकेको फलको भिन्नता देखाउने ।

थुङ्गाबाट छोडाइ सकेका अलैंची दानाहरू सुकाइ हाल्नुपर्छ । अलैंचीमा पानीको मात्रा ८०-९० प्रतिशत हुने हुँदा टिपाइपछि तुरुन्तै सुकाउन आवश्यक हुन्छ । फलहरूमा बढीमा १३% पानीको मात्रा नभए सम्म सुकाउँनु पर्दछ । यदि ढिलो गरेमा अलैंची कुहिन थाल्दछ । हालसम्म नेपालमा दुई प्रकारबाट सुकाउने गरिएको छ ।

क) घाममा अलैंची सुकाउने  ख) भट्टीमा अलैंची सुकाउने

आजकल बिजुलीबाट चल्ने उन्नत किसिमका ड्रयारहरूको पनि विकास गरिएको छ ।

## ११. बजार व्यवस्था र वित्तीय विश्लेषण

नेपालमा नगदेबालीको रुपमा यसको खेती पहाडी जिल्लाहरूमा गरिएको पाइन्छ । नेपालबाट यो भारतको अलावा पाकिस्तान र अरबी मुलुकहरूमा निर्यात हुन्छ। यसको फलको प्रचालित बजार मूल्य प्रति के.जी. रु. १००-२५० पर्दछ। यसको उत्पादनको ९०% भन्दा बढी विदेश तर्फ निर्यात हुने तथ्यले गर्दा अलैंची खेती गर्न सकिने सम्भावना यसका जिल्लाहरूमा व्यापक बिस्तार हुन आवश्यक छ ।

विदेशमा निकासी गरेर विदेशी मुद्रा कमाउन सकेता पनि खासै अलैंची किसानहरू बढी लाभान्वित हुन सकेका छैनन् । यसको मुख्य कारण अलैंची व्यापारमा बिचौलियाहरूको मनोमानी हुनु हो । अलैंची टिप्ने समय भदौ असोजमा यसको मूल्य निकै कम हुन्छ । त्यही समयमा व्यापारीहरू आई किसानसँग अलैंची किनेर जम्मा गर्दछन् । पुष र माघ महिनादेखि यसको भाउमा वृद्धि हुन थाल्छ र कहिलेकाहीं त सुरुको भाउ भन्दा तीन गुण बढी भाउ पुग्छ । यदि अलैंची किसानहरूले सिधै निर्यातकर्तासँग आफ्नो उत्पादन अधिकतम मूल्य भएको समयमा बेच्न सकेमा किसानहरू प्रत्यक्ष रुपमा लाभान्वित हुन गई अलैंचीको उत्पादन बढाउनमा समेत प्रोत्सहित हुने सम्भावना देखिन्छ ।

नेपालमा अलैंची खेती गरिएता पनि यसको खपत नगन्य मात्रामा छ । कूल उत्पादनको ९०% भन्दा बढी विदेशमा निर्यात हुन्छ ।

# हरियो वन कार्यक्रम

USAID अमेरिकी जनताबाट

WWF

care

FECOFUN

NTNC

**डब्लुडब्लुएफ नेपाल**
पोष्ट बक्स नम्बर ७६६०, बालुवाटार, काठमाडौं, नेपाल
फोन: +९७७ १ ४४३८२०, फ्याक्स: +९७७ १ ४४३८४५८
इमेल: hariyobanprogram@wwfnepal.org, info@wwfnepal.org
वेबसाइट: wwfnepal.org/hariyobanprogram

*"यो ब्रोसर अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो। यसमा उल्लेखित विषयवस्तु लेखकको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन।"*